नेपाल सरकार
फोन नं ०१ ४२००३१८

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या:- २०७३/७४
चलानी नं:- १५६

मिति २०७४।०३।०६

बिषय : भाडाका सवारी साधन सम्बन्धमा ।

श्री कार्यकारी अधिकृत
महा/उपमहा/नगरपालिका (सबै)
गाँउपालिका (सबै)

प्रस्तुत बिषयमा कतिपय स्थानीय तहले नेपाल सरकारबाट प्राप्त अनुदानको भाडा शिर्षकको रकमबाट
महंगो मूल्यमा सवारी साधन भाडामा लिई प्रयोग गरेको भनी मन्त्रालयमा बिभिन्न संचार माध्यम,
स्थानीय जनप्रतिनिधी र नागरिक समाजका व्यक्तित्वहरुबाट जानकारीको साथै गुनासो आएकोले सो
सम्वन्धमा यस मन्त्रालयबाट सोधनी हुँदा कतिपय स्थानीय तहले जनप्रतिनिधीहरु नभएको अवस्थामा
भाडा शिर्षकको गलत व्याख्या गरी उल्लेख्य रकम मासिक भाडा तिरी सवारी साधन भाडामा लिई
निर्वाचनमा सहयोग गर्ने नाममा वा यस्तै अन्य कार्यालयको प्रयोजनमा भनी प्रयोग गरेको पाइयो ।
लेखाका मान्य सिद्धान्त तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बिपरित विभिन्न
अनुदानबाट प्राप्त रकमको यस्तो खर्चलाई कार्यदक्षता, औचित्यतता, मितव्ययीता, प्रभावकारीता तथा
नियमितताका दृष्टिले पुष्टीं गर्न सक्ने वस्तुगत आधार देखिएन । स्थानीय तहहरुमा बिकास निर्माण
कार्यको अनुगमन लगायतका कार्यहरुमा सवारी साधनको कमीले गर्दा देखिएको समस्या समाधान प्रति
मन्त्रालय क्रियाशिल छ । सो समस्यालाई छिटो भन्दा छिटो समाधान गर्न बिषयगत मन्त्रालय र
अन्तरगतका कार्यालयबाट स्रोत साधन र सम्पत्ति हस्तान्तरण गर्ने प्रक्रिया अगाडी बढिसकेकोले
कार्यालय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहका लागि अत्यावश्यक कार्यहरुमा मात्र खर्च गर्न
भनी अर्थ मन्त्रालयबाट उपलब्ध गराईएको थप वजेट, साविकको स्थानीय निकायमा उपलब्ध
गराइएको अनुदान तथा स्थानीय निकायले आफ्नो जनताबाट उठाएको कर, दस्तुर, सेवा शुल्क जस्ता
श्रोतबाट यस्ता अनुत्पादक र विलाशिताका कार्यमा खर्च गर्नु उपयुक्त नदेखिएकोले कुनै पनि सवारी
साधन भाडमा लिई सञ्चालन नगर्नु हुन नेपाल सरकार (सचिवस्तरको) मिति २०७४।०३।०४ को
निर्णयानुसार अनुरोध छ ।

२०७४।०३।०६

(मेघराज खनाल)

शाखा अधिकृत

बोधार्थ:
श्री सूचना तथा विधुतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार । वेब साइटमा राख्ने व्यवस्थाको लागि